मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम

# कार्यक्रम सिफारिश तथा कार्यान्वयन समिति सञ्चालन कार्यविधि, २०७५

भूमे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

५ नं. प्रदेश, नेपाल

**मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम, कार्यक्रम सिफारिश तथा कार्यान्वयन समिति सञ्चालन कार्यविधि,२०७५**

समितिबाट स्वीकृत मिति २०७५/१२/२८ गते

**प्रस्तावनाः**

आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका समुदाय, परिवार तथा व्यक्तिहरुको गुणस्तरीय शिक्षा, स्वास्थ्य रोजगारी, आयआर्जनका अवसरहरु तथा सामाजिक संरक्षणमार्फत् जीवनस्तर सुधार गरी गाउँपालिकाको गरिबी निवारण गर्ने उद्देश्यले ५ नं प्रदेश सरकारले अघि सारेको मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम अन्तर्गत यस भूमे गाउँपालिका स्तरीय कार्यक्रम सिफारिश तथा कार्यान्वयन समिति सञ्चालनको लागि मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ४ दफा ७ को ई (ख) (१) ले दिएको अधिकार प्रयोग गरी भूमे गाउँपालिका, कार्यक्रम सिफारिश तथा कार्यान्वयन समितिले यो कार्यविधि बनाई लागू गरेको छ ।

**परिच्छेदः एक**

**प्रारम्भिक**

**१) संक्षिप्त नाम र प्रारम्भः** क) यस कार्यविधीको नाम "मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम, कार्यक्रम सिफारिश तथा कार्यान्वयन समिति सञ्चालन कार्यविधि, २०७५" रहेको छ ।

ख) यो कार्यविधि तुरुन्तै लागू हुनेछ ।

**२) परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले परिभाषित गरेका विषयवस्तु बाहेक यस कार्यविधिमा,

क) "गाउँपालिका" भन्नाले भूमे गाउँपालिका रुकुम (पूर्व) लाई जनाउनेछ ।

ख) "वडा" भन्नाले भूमे गाउँपालिका अन्तर्गत रहेका नौ ओटै वडाहरुलाई जनाउनेछ ।

ग) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालयलाई जनाउनेछ ।

घ) "मूल कार्यविधि" भन्नाले मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ लाई जनाउनेछ ।

ङ) "समिति" भन्नाले कार्यक्रम सिफारिश तथा कार्यान्वयन समितिलाई जनाउनेछ ।

च) "लक्षित समूह" भन्नाले मूल कार्यविधिको दफा—४ बमोजिमका लक्षित समूहलाई जनाउनेछ ।

ज) "उपभोक्ता" भन्नाले यस कार्यक्रम सञ्चालन गर्दा सो परियोजनाले लक्षित गरेको वस्तु वा सेवा उपभोग गर्ने व्यक्ति, समूह वा संस्थालाई जनाउनेछ ।

झ) "आयोजना" भन्नाले कार्यक्रमले अगाडि सारेका लक्षित वर्गका बीचमा सञ्चालन हुने परियोजना तथा कार्यक्रमलाई जनाउनेछ ।

ङ) "तथ्याङ्क" भन्नाले कार्याक्रम सञ्चालनका सन्दर्भमा लिइएका प्राथमिक वा गाउँपालिका वा अन्य वैधानिक निकायले विभिन्न प्रयोजनका लागि संकलन गरेका प्राथमिक वा द्वितीय तहको प्रामाणिक तथ्याङ्कलाई जनाउनेछ ।

## परिच्छेदः दुई

## कार्यक्रम छनौट तथा सिफारिश

**३) बजेटको सीमा निर्धारणः** समितिले सर्वप्रथम मूख्यमन्त्री ग्रामीण विकास कार्यक्रम अन्तरगत गाउँपालिकालाई प्राप्त कुल बजेट (व्यवस्थापन खर्च बाहेक) लाई मूल कार्यविधिको दफा ६ को (अ) (आ) र (इ) मा उल्लेखित शिर्षकमा खर्च हुने बजेट भारको सीमा निर्धारण गर्नेछ ।

**४) लक्षित समूह तथा बस्तीको छनौटः** १) देहायको आधारमा कार्यक्रम सञ्चालनको लागि लक्षित समूह बस्तीको छनौट गरिने छ ।

क) सम्बन्धित स्थानको तथ्याङ्क,

(ख) समितिले अनुगमन गर्दाको वस्तुगत अवस्था,

(ग) स्थानीय समुदायको आवश्यकता तथा माग

**५) परियोजना/कार्यक्रम छनौटः**

क) कार्यक्रम छनौट गर्दा मूलतः मूल कार्यविधिको दफा ६ अन्तर्गत उल्लेखित शीर्षकहरुको अधीनमा रही छनौट गरिनेछ ।

ख) कार्यक्रम छनौट गर्दा आवश्यक परेमा समिति सदस्यहरुलाइ विषय क्षेत्रको जिम्मा दिन सकिने छ ।

ग) कार्यक्रम छनौट गर्दा गाउँ कार्यपालिका, वडा समिति र सम्बन्धित स्थानमा क्रियाशील सामुदायिक संस्था, टोल विकास संस्था, आमा समूह, बाल क्लब/सञ्जाल, यूवा क्लब, नागरिक सचेतना केन्द्र जस्ता संस्था/समूहहरुको सहयोग लिन सकिनेछ ।

घ) कार्यक्रम छनौट तथा सञ्चालन गर्दा मूल कार्यविधिको दफा ६ ले निर्देशित गरेका विषयलाई नछुटाई समेटिने गरी देहाय बमोजिम गरिनेछ । गाउँपालिकामा यो कार्यक्रम सञ्चालन गर्दा सर्वप्रथम लक्षित समुदाय घर परिवार तथा व्यक्ति छनौट गरिनेछ । यसरी छनौट गर्दा निम्न कुरालाई मुख्य आधार मानेर छनौट गरिनेछ ।

(१) प्राप्त प्राथमिक तथा द्वितीय तहको तथ्याङ्कको आधारमा आर्थिक रुपले विपन्न र सामाजिक रुपले पछाडि परेको र भूगोलका हिसाबले यातायात, सञ्चार तथा अन्य सुविधाका हिसाबले कम सुविधा भएको क्षेत्रमा बसोबास गर्ने व्यक्ति, परिवार, समुदायलाई छनौट गरिनेछ ।

(२) कार्यक्रमको प्राथमिकिकरण गर्दा दलित, जनजाती, सिमान्तकृत समुदाय, आर्थिक रुपले विपन्न, विकट भौगोलिक क्षेत्र, महिला, अपाङ्गगता भएका व्यक्ति र यूवालाई पहिलो प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालन गरिनेछ ।

(३) उमेर पुगेका कुनै पनि बालबालिका विद्यालय जानबाट बञ्चित नगराउने नेपाल सरकारको राष्ट्रिय नीति अनुरुप विद्यालय भर्ना अभियान सञ्चालनका लागि वडा समितिको निर्णय र सिफारिशको आधारमा वडाबाट लक्षित समूह किटान गरी सो समुदायमा भर्ना अभियान सञ्चालन गरिनेछ ।

(४) लक्षित समूहका विद्यालय भर्ना भएका बालबालिकालाई विद्यालय छोड्नबाट रोक्नका लागि उनीहरुलाई विद्यालयमा खाजा, पुस्तक तथा स्टेशनरी, पोशाक वा यस्तै प्रकारका आधारभूत आवश्यकताका वस्तु उपलब्ध गराई विद्यालयमा टिकाइ राख्ने वातावरण बनाउने गरी कार्यक्रम बनाईने छ । कार्यक्रम सञ्चालनको लागि गाउँपालिकाका सम्बन्धित शाखा तथा वडा कार्यालय र स्थानीयहरुसँग समन्वय गर्न र निज सहयोग लिन सकिनेछ ।

(५) स्थानीय आवश्यकता र सम्भवनाको पहिचान गरी प्राविधिक शिक्षा तथा सीपमूलक तालिम कार्यक्रमहरु सञ्चालन गरिने छ । तालिम पश्चात रोजगारीका अवसर तथा आत्मनिर्भर हुन उत्प्रेरित व्यक्ति वा समूहहरुलाई सहयोग र प्रवर्द्धनमा जोड दिइनेछ ।

(६) गाउँपालिकाका भित्रका अति विपन्न, अशक्त, अपाङ्गता भएका परिवार छनौट गरी स्वास्थ बीमा गर्नको लागि सचेतना अभिवृद्धि गरी उक्त कार्यको लागि सहयोग गर्ने । सो कार्यक्रम गाउँपालिकाबाट पनि सञ्चालन भएमा दोहोरो नपर्ने गरी कार्यक्रम बनाउने ।

(७) विपन्न वस्ती छनौट गरी त्यस क्षेत्रमा भएको मौलिक सीप तथा प्रविधिमा आधारित रही उद्यमशिलता विकास गर्ने खालका तालिमहरु सञ्चालन गरी सो उद्यम गर्नका लागि उद्यमीलाई प्रोत्सहान गर्ने ।

(८) विपन्न वस्ती वा लक्षित समुदायभित्रका यूवा वर्ग वा सक्रिय उमेर समूहका व्यक्तिको माग, आवश्यकता, औचित्यता र प्रतिवद्धताका आधारमा आर्थिक, भौतिक तथा प्रविधि सहयोगका कार्यक्रम सञ्चालन गर्ने । सो कार्यक्रम सञ्चालन गर्दा यूवा दलित, सीमान्तकृत, विपन्न, महिला तथा अपाङ्गगता भएका व्यक्तिलाई पहिलो प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालन गर्ने ।

(९) कार्यक्रमको तर्फबाट गाउँपालिकामा साना तथा घरेलु उद्यम प्रवर्द्धन कोष स्थापना गरी कोष परिचालन सम्बन्धी कार्यविधि बनाई कार्यविधि बमोजिम लक्षित समूहका कुनै व्यक्तिले स्थानीय स्रोत साधनमा आधारित कुनै घरेलु उद्यम सञ्चालन गर्न आर्थिक अभाव भएमा सामुहिक जमानीका आधारमा ६ महिना सम्मका लागि निरब्याजी रुपमा अधिकतम रु. पचास हजार वा व्यवसाय सञ्चालन गर्न लाग्ने सुरु पूँजीको पचास प्रतिशत मध्ये जुन रकम कमी हुन आउँछ सो रकम बराबरको कर्जा उपलब्ध गराउने । तर, त्यसरी कर्जा उपलब्ध गराउँदा हरेक २ महिनामा उसको आम्दानी खर्चको विवरण लिने। यदी यस्तो कर्जा रकम दुरुपयोग गरेको पाइएमा सो रकमको दोब्बर रकम सरकारी बाँकी सरह असुल उपर गर्ने ।

(१०) गाउँपालिकामा प्रकोष व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्ने । गाउँपालिकाद्वारा स्थापित दैवी प्रकोप राहत कोषमा कार्यक्रम सञ्चालनभर अवधिभर हरेक वर्ष त्यसमा थप गर्दै जाने । उक्त कोषबाट प्रकोप पूर्वको सूचना तथा सन्देश, उद्दार तथा पुनस्थापनाका अन्य कार्यक्रममा समेत समितिको निर्णयका आधारमा खर्च गर्ने । साथै, कोषबाट दैवी प्रकोपमा परेका व्यक्तिहरुलाई उनीहरुको तत्कालीन आवश्यकताका आधारमा गाउँपालिकाको कोष सञ्चालन कार्यविधि वा समितिले निर्णय गरी देहाय अनुसार राहत उपलब्ध गराउने ।

## परिच्छेदः तीन

## कार्यक्रम कार्यान्वयन तथा अनुगमन मूल्याङ्कन

६) **कार्यतालिका बनाउनु पर्नेः** जिल्ला व्यवस्थापन तथा समन्वय समितिबाट कार्यक्रम स्वीकृत भई आएपछि समितिले एक हप्ताभित्र कार्यक्रम कार्यान्वयन कार्यतालिका बनाई समितिबाट स्वीकृत गरी लागू गर्नु पर्नेछ ।

७) **योजना कार्यान्वयनः** योजना कार्यान्वयनको लागि मूल कार्यविधि अनुसार सञ्चालन हुने कार्यक्रममा लागू हुने भनि प्रदेश सरकारले निर्धारण गरेकोमा सोही बमोजिम हुने र अन्य अवस्थामा गाउँपालिकाको प्रचलित नियम कानून लागू हुनेछन् ।

८) **अनुगमन तथा सुपरीवेक्षण समितिः** कार्यक्रम सिफारिश तथा कार्यान्वयन समितिले अनुगमन तथा सुपरीवेक्षण समितिको रुपमा काम गर्नेछ। समितिमा आवश्यकतानुसार सम्बन्धित क्षेत्रको ज्ञाता वा प्राविधिकलाई सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ । यस बाहेक गाउँ कार्यपालिकाको अनुगमन समितिले समेत कार्यक्रमको अनुगमन गरी प्रतिवेदन दिन सक्नेछ ।

## परिच्छेदः चार

## बैठक सञ्चालन तथा अन्य मापदण्ड

९) **समितिको बैठकः** कार्यक्रम सिफारिश तथा कार्यान्वयन समितिको बैठक कम्तिमा महिनाको एक पटक अनिवार्य बस्नुपर्नेछ । तर संयोजकले आवश्यकता अनुसार बैठक बोलाउन सक्नेछ ।

१०) **बैठक भत्ताः** प्रति बैठक प्रति सदस्य रु १५००।- (एक हजार पाँच सय मात्र) बैठक भत्ता उपलब्ध गराइने छ।

११) **भ्रमण खर्चः** बैठक वा अनुगमन मूल्याङ्कन कार्यमा फिल्डमा खटिए बापत रात बिताउनुपर्ने अवस्थामा भ्रमण खर्च नियमावलीमा तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा नेपाल सरकार अधिकृत स्तरको कर्मचारी सरहको सुविधा उपलब्ध हुनेछ । कार्यक्रम सहजकर्ताको हकमा महिनामा ७ दिन नबढ्ने गरी कार्यक्रमको सिलसिलामा भ्रमण आदेश स्वीकृत गरी सोही बमोजिम सेवा सुविधा उपलव्ध गराईनेछ ।

## परिच्छेदः पाँच

## संशोधन तथा खारेजी

१२) **संशोधन तथा खारेजीः** यस कार्यविधिलाई समितिले आवश्यकतानुसार संशोधन तथा खारेजी गर्न सक्नेछ। कार्यविधि कार्यान्वयनको लागि आवश्यक परेमा मापदण्ड बनाई लागू गर्न सकिने छ ।

**समाप्त**